आज मिति २०७९/०१/१४ गतेका दिन विहान ११ :३० बजे धनगढी उप-महानगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला मिश्र भट्टज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री सुशीला मिश्र भट्ट | कार्य वाहक नगर प्रमुख | |
| २) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ३) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| ४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| ५) | श्री रिम्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| ६) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ७) | श्री रामलाल श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| ८) | | | |
| ९) | | | |
| १०) | | | |

**निर्णय नं. १**

आगामी २०७९ वैशाख ३० गते हुन गईरहेको स्थानीय तहको निर्वाचनको सिलसिलामा धनगढी उप-महानगरपालिका का नगर प्रमुख, लगायत अधिकांश वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु र वडा सदस्यहरुले राजिनामा पेश गरि निजहरुको राजिनामा स्वीकृत भई पद रिक्त हुन आएकोले विशेष गरि वडा कार्यालय संचालनमा अवरोध श्रृजना हुन गएको र सार्वजनिक सेवा प्रवाह प्रभावित हुन पुगेको छ । अवरुद्ध वडा कार्यालयको सेवा प्रवाह लाई सुचारु गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११६ (१) र दफा ११६ (२) अनुसार निम्न बमोजिमको व्यवस्था गरि सबै वडा कार्यालयहरुबाट सेवा प्रवाह सूचारु गर्न परिपत्र गर्ने निर्णय गरियो ।

(क) वडा अध्यक्षको पद रिक्त भएकोमा वहालवाला वडा सदस्यहरु मध्ये छनौट गरेको वडा सदस्यले कार्यवाहक वडा अध्यक्ष भै काम गर्नुपर्नेछ । एक जना वडा सदस्य मात्र वहाल रहेकोमा, निज स्वत: कार्यवाहक वडा अध्यक्ष भई काम गर्नुपर्नेछ ।

(ख) कुनै वडामा वडा अध्यक्ष र वडा सदस्यको पद रिक्त भएको भए, निर्वाचन नभएसम्मका लागि सम्बन्धित वडा सचिवले वडा अध्यक्षको कार्य गर्ने गरि तोक्ने ।